स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री बेनिशा हमालले पहिलो पटक हिट फिल्म भेटाएकी छन् । अघिल्लो वर्ष प्रदर्शनमा आएको फिल्म 'छक्का पञ्जा ४'को सफलताले उनको करिअरलाई नै पूर्नजीवन दिएको छ । यद्यपि, लगातार फिल्म असफल हुँदा पनि उनी कामविहीन भने कहिल्यै हुनुपरेको थिएन । यसको कारण सिर्फ एउटै हो, उनी अभिनयमा अब्बल छिन् । अभिनयसँगै फिल्म मेकिङमा पनि रुचि छ उनलाई । मौरी पिक्चर्स खडा गरेर उनले 'मिसिङ ब्राइड' नामक सर्ट फिल्मको निर्माण र निर्देशन समेत गरिसकेकी छन्, जुन सिनेमाघर एपमा उपलब्ध छ ।

आजको विचार...



नेवारी चाड... (दुई पेजमा)

मदन देउराली



अभिनेता पल शाह यतिबेला म्यूजिक भिडियोमा मात्र काम गरिरहेका छन् । 'प्रकाश' फेम्ड निर्देशक दिनेश राउत र लेखक विकास सुवेदीसँगको सहकार्यको सम्भावना प्रवल छ । दिनेश र पलबीच सहकार्य गराउन विकासले मध्यस्थकर्ताको भूमिका खेलिरहेका छन् ।

आत्महत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौं, समस्याको समाधान खोजौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❒ वर्ष २८ ❒ अंक २९६ ❒ २०८० जेठ ११ गते बिहीबार 25 May 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### लडेर दुई वृद्धको मृत्यु

**पाल्पा,** जेठ १०/जिल्लाका छुट्टाछुट्टै स्थानमा लडेर दुई वृद्धको मृत्यु भएको छ । यहाँको रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिकाका विभिन्न स्थानमा लडेर घाइते भएका दुई वृद्धको उपचारका क्रममा मृत्यु भएको हो । रामपुर नगरपालिका- ५ मा घरको छतबाट लडेर एक वृद्धको मृत्यु भएको छ । रामपुर -५ भम्बकका ६८ वर्षीय प्रेमलाल डोटेल मादक पदार्थ सेवन गरी छिमेकीकोबाट घर फर्कने क्रममा घरको छतबाट लडेर गम्भीर घाइते भएका थिए । तीन तले कच्ची घरको दोस्रो तलाबाट अचानक लडेर घाइते भएका डोटेलको उपचारका क्रममा रामपुर अस्पतालमा मृत्यु भएको हो । यस्तै जिल्लाको पूर्वखोला गाउँपालिका -५ विरकोट ढापमा घाँस काट्ने क्रममा लडेर एक वृद्धको मृत्यु भएको छ । ढापका ७४ वर्षीय हरीराम पुन: जेठ २ गते घर नजिकैको बारीमा रहेको दबदबेको रुखमा चटी घाँस काट्ने क्रममा अचानक लडेर घाइते भई लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारका क्रममा मंगलबार राती मृत्यु भएको हो ।

# तानसेनमा जुर्मराउँदै खेलकुद

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ १०/पाल्पाको तानसेनमा तीन दश अघिसम्म राष्ट्रिय तथा स्थानीय खेलकूद प्रतियोगिता निरन्तर भइरहन्थे । त्यस यता पनि छिट्टाफूट्टा रुपमा प्रतियोगिता नभएका भने होइनन् । तर पहिले जस्तो खेलकूदले निरन्तरता भने पाउन नसकेको हो ।

तानसेनमा ३३ वर्ष यता राष्ट्रियस्तरका खेलहरु खासै हुन सकेनन् । २०४७ सम्म थुप्रै राष्ट्रियस्तरका प्रतियोगिताहरु भए पनि आर्थिक अभावका कारण त्यस यता हुन नसकेका हुन् । २०४७ मा शहिद स्मृति रनिङ्ग शिल्ड प्रतियोगिता भएको थियो । ०४७ साल अघि तानसेनमा मणिमुकुन्द गोल्ड कप हुने गर्दथ्यो । यो खेल २०३५ देखि २०४२ सम्म निरन्तर सञ्चालन भयो । त्यस यता भने त्यो प्रतियोगिता पनि हुन नसकेको पाल्पा फुटबल संघका अध्यक्ष प्रणय विरजंग राणाले बताए । उनका अनुसार करिब ५ वर्षसम्म मणिमुकुन्द गोल्ड कप रोकिएको थियो । त्यसपछि शहिद स्मृति रनिद्र शिल्ड भएको हो । त्यस यता भने छिट्टफुट्ट केही प्रतियोगिताहरु भए पनि तिनले निरन्तरता पाउन सकेनन् । भौतिक पूर्वधार र आर्थिक अभावका कारण राष्ट्रियस्तरका खेल प्रतियोगिताहरुले निरन्तरता पाउन नसकेको पाल्पा फुटबल संघका अध्यक्ष राणाले बताए । तीनै तहका सरकारले तानसेनको खेल क्षेत्रको विकासमा समेत चासो नदेखाउँदा यहाँको खेल क्षेत्र लामो समयदेखि ओझेलमा परेको छ । पछिल्लो समय केही संघसंस्थाहरुले भने तानसेनको खेलप्रति चासो देखाएका छन् । जसले गर्दा यहाँको खेलकूद अहिले जुर्मराउँन थालेको छ । २०७८ मा पहिलो पटक रानीमहलको प्रांगणमा राष्ट्रियस्तरको बिच भलिबल प्रतियोगिता भएको थियो । अघिल्लो वर्ष सञ्जय मेमोरियल फाउन्डेसनले महिलाहरुको राष्ट्रिय बिच भलिबल प्रतियोगिता गरेको थियो भने यस वर्ष पुरुषतर्फको राष्ट्रिय बिच भलिबल प्रतियोगिता गऱ्यो । यसले ओझेलमा परेको तानसेनको खेलकूदलाई केही हदसम्म भए पनि तंग्रीन सहयोग गरेको हो । यस वर्ष पाल्पाको रानीमहललाई बिच भलिबल केन्द्रको रुपमा समेत घोषणा गरिएको छ । रानीमहल क्षेत्रमा पर्ने तानसेन नगर सरकार र बगनासकाली गाउँसरकारले यहाँको क्षेत्रलाई 'बिच भलिबल' को केन्द्रका रुपमा घोषणा गरेका हुन् ।



निरन्तर बिच भलिबल प्रतियोगिता हुन थालेपछि यस क्षेत्रलाई बिच भलिबलको केन्द्रको रुपमा घोषणा गरिएको हो । तानसेनलाई खेलको मुख्य केन्द्र बनाउने गरी योजना अगाडि बढाइएको तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताए । उनले भने,'अहिले हामीले रानीमहल क्षेत्रलाई 'बिच भलिबल'को हब बनाएका छौं, अगामी दिनमा तानसेनलाई नै बनाउने छौं ।' जिल्ला खेलकुद विकास समितिका कार्यवाहक अध्यक्ष दिपक घिमिरेले जिल्लामा राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन हुनु गौरवको विषय भएको बताए । यस वर्ष तानसेनको टुँडिखेलमा राष्ट्रियस्तरको खेलकूद प्रतियोगिता समेत हुन लागेको छ । पाल्पा फुटबल संघले जेठ १२ देखि २७ गतेसम्म कर्णेल उजी सिंह पाल्पा गोल्ड कप फुटबल प्रतियोगिता गर्न लागेको हो । फुटबल खेललाई राष्ट्रियस्तरसम्म पुऱ्याउने उद्देश्यले प्रतियोगिता हुन लागेको हो । प्रतियोगितामा पाल्पा, रुपन्देही, नवलपरासी, कपिलवस्तु, बाके, स्याङ्जा, कास्की, चितवन र काठमाडौंका गरी १६ टिमहरुको सहभागिता रहने छ । प्रतियोगितामा प्रथम हुने टिमलाई नगद ३ लाख, ट्रफी मेडल र प्रमाणपत्र, द्वितीय हुने टिमलाई नगद १ लाख ५० हजार, ट्रफी मेडल र प्रमाणपत्र, प्रत्येक दिनको म्यान अफ दि म्याचलाई नगद ३ हजार र उत्कृष्ट गोल रक्षक, डिफेण्डर, सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्तालाई नगद ६ हजार प्रदान गरिने छ ।

# तानसेनमा जेठ १२ गते रोजगार मेला लाग्ने

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ १०/तानसेन नगरपालिकाको आयोजना र स्विस सरकारको सहयोगमा यही जेठ १२ तानसेनमा रोजगार मेला सञ्चालन हुने भएको छ । तानसेन नगरपालिकाले पत्रकार सम्मेलन गरी वडा नं ४ मखनटोल दरवार क्षेत्रमा रोजगार मेला गर्न लागेको नगर प्रमुख सन्तोषला श्रेष्ठले जानकारी दिए ।

रोजगार मेलामा शिक्षा तथा युवा खेलकुद विकास समितिका संयोजक प्रदिप खनालले रोजगार मेलाको उद्देश्य, अवधारण, हालको अवस्था बारे जानकारी दिएका थिए । मेलामा आएका बेरोगार युवाहरुले आफ्नो रोजाईको काममा फर्म भरी तत्कालै रोजगारी पाउने व्यवस्था मिलाइएको संयोजक खनालले बताए । रोजगार मेलाको प्रदेश सांसद विरबहादुर रानाले शुभारम्भ गर्ने कार्यक्रम रहेको आयोजक पक्षले जनाएको छ । तानसेन नगरपालिकका बेरोजगार जनताहरुलाई लक्षित गरेर मेलाको आयोजना गरिएको उपाध्यक्ष प्रतिक्षा गाहा सिंजालीले बताईन् । तानसेनको ढाका, करुवा, होटल, कृषि तथा पशुपालन क्षेत्रमा मेला केन्द्रित रहने छ । मेलामा करीव २ हजार ५ सय जनाले अवलोकन गर्ने लक्ष्य नगरपालिकाले लिएको शिक्षा अधिकृत कोपिला न्यौपानेले बताईन् । मेलामा ३५ वटा तानसेनका उधोग व्यबसायी, परामर्शदाता तथा रोजगारी तालिम दिने संस्थाका स्टलहरु रहने छन् ।

## ऋण असुली सम्बन्धी अन्तिम सूचना

यस रानीमहल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट जग्गा धितो, हायर पर्चेज र बचत धितो राखी कर्जा (ऋण) लिनु भएका ऋणीहरुले रकम बुझाउनु पर्ने समय (भाखा) सकिएको र पटक- पटक पत्राचार एंव ताकेता गर्दा समेत आलटाल गरी बसेकाले यो सूचना प्रकाशित गरिएको छ । यस सूचनालाई आधार मानी प्रकाशित मितिले ७ दिन भित्र संस्थामा आई आफ्नो नाममा रहेको कर्जाको साँवा र व्याज चुक्ता गर्नुहुन सुचित गरिन्छ । यदि उक्त समय भित्र नआएमा ऋणीको तिन पुस्ते नामावलीका साथै धन जमानिको नाम समेत अर्को सूचना प्रकाशित गरी नियमानुसार लिलाम प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै ऋण चुक्ताको लागि भाखा माग गरेका ऋणीहरुले थप भाखा माग गरे अनुसारको समय भित्र नबुझाएमा २०८० साल जेष्ठ महिना २० गते भित्रमा निजहरुको समेत नामावली प्रकाशन गरिने व्यहोरा पनि जानकारी गराईन्छ ।

**भूगोल प्रसाद बैजु**
**अध्यक्ष**
**श्री रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३ पाल्पा**
**सम्पर्क नं : ०७५-५२०९३२**

## उपचारपछि संसदमा चन्द्र भण्डारीको पहिलो सम्बोधन

# 'जलन अस्पताल बनाऔं र पाठ्यक्रममा समेटौं'

**पाल्पा,** जेठ १०/नेपाली काँग्रेसका सांसद डा.चन्द्र भण्डारी आगलागीमा परी घाइते भई उपचारपछि पहिलो पटक संसदमा सम्बोधन गरेका छन् ।




उनी गत फागुन ३ गते निवासमा ग्यास लिक भई आगलागीमा परेका थिए । उनको फागुन ४ गतेदेखि बैशाख १७ गतेसम्म भारतको मुम्बईस्थित नेशनल बर्नस अस्पतालमा उपचार गरिएको थियो । बैशाख १७ गते स्वदेश फर्किए पनि उनी संसदमा भने जान सकेका थिएनन् । पहिलो पटक बुधबार संसदमा पुगेका उनले गम्भीर विषय उठान गरेका छन् । डा. भण्डारीले उच्चस्तरीय जलन अस्पताल बनाउन सरकारसँग आग्रह गरेका छन् । उनले जलनसम्बन्धी समस्या भएका मानिसहरूका लागि उच्चस्तरीय जलन अस्पताल आवश्यकता रहेको औल्याउदै सभामुखमार्फत सरकारलाई अस्पताल निर्माणका लागि आग्रह गरे । भण्डारीले भने, 'उच्चस्तरीय जलन अस्पताल बनाउनुपर्छ । नेपालमा कम्पीटेन्ट चिकित्सकहरू हुनुहुन्छ । भवनको अभाव देखियो । यो केसमा धेरै गरिब मानिसहरू पर्दोरहेछ । यसमा धेरै ठूलो दर्द लुकेको छ ।' गरिव मानिसहरु नै यसको बढी मारमा पर्ने भएकाले उनीहरुलाई पनि क्यान्सर, किड्नी रोगलाईजस्तै आर्थिक सहायता राज्यले उपलब्ध गराउनुपर्ने उनको तर्क थियो । सांसद भण्डारीले ग्याँस र विजुली जस्ता विषयबस्तु विद्यालय तहकै पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यक्ता पनि औंल्याए । उनले भने, 'जलन केसबाट म पीडामा रहेँ । यो अवस्था धेरै नेपालीले भोग्नुभएको छ । गत वर्ष १११ जनाको मृत्यु भयो । जलन केस देशभरी फैलिएको छ । गाउँ-गाउँमा ग्यास, विजुली पुग्यो । तर, हामीले ग्यास कसरी बाल्ने, बिजुली कसरी बाल्ने भनेर पाठ्यक्रममा समेटिएन ।' उनले आफू शौभाग्यबस बाँचेर संसदमा बोल्ने अवसर पाएको उल्लेख गर्दै नेपालका चिकित्सक र स्वास्थ्यकर्मीहरु विश्वका कुनै पनि चिकित्सकहरु भन्दा कम नभएको पनि बताए । भण्डारीले नेपालमा जलन अस्पताल सरकारले स्थापना गरे त्यो एसियाकै सवल हुने दावी समेत गरे । नेता भण्डारीले ग्याँसमा स्वचालित रेगुलेटर राख्नुपर्ने व्यवस्था अनिवार्य हुनेगरी कानुन निर्माण गर्न पनि सरकारलाई सचेत गराए । सांसद भण्डारीले आफूलाई जलनबाट बचाउन भूमिका निर्वाह गर्ने नेपाल सरकार, सांसदहरु, उपचारमा संलग्न चिकित्सक, शुभचिन्तक सबैप्रति आभार पनि व्यक्त गरे । गत पुस ३ गते भण्डारी बस्दै आएको बुद्धनगरस्थित घरमा ग्यास सिलिण्डर पड्किँदा घाइते भएका थिए । उनकी आमाको भने निधन भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अर्थतन्त्र उकास्न योजना बनाऊ

सरकारले संसद्मा पेश गरेको नीति तथा कार्यक्रममा अर्थतन्त्रमा देखिएको समस्या समाधानमा स्पष्ट खाका ल्याएको देखिदैन । अर्थतन्त्र समस्या समाधानमा सरकार केही बोलेको छैन् । वित्त नीति, मौद्रिक नीति, विकास नीतिले सामञ्जस्य कायम गरी समस्या सम्बोधन गरिने मात्रै भनेको छ । त्यसमा ब्याजदर, भुक्तानी सन्तुलन, पुँजीगत खर्चलाई गाँसेको छ । सरकारले बढी मात्रामा मौद्रिक नीतिको माध्यमबाट अर्थतन्त्रको समस्या कम गर्न सकिन्छ भन्ने बुझेको जस्तो देखिन्छ । तर त्यसले अहिलेको अर्थतन्त्र समस्यालाई समाधान गर्न सक्दैन । अहिले सरकारी आयले सञ्चालन खर्च धान्न धौधौ परिरहेको छ । आयात उच्च विन्दुमा छ भने निर्यात नगन्य मात्रामा छ । औसत नागरिकलाई जीवन बचाएर परिवार पाल्नकै चिन्ता छ । महँगी उच्च तहमा छ । गरिब जनतालाई बिहान–बेलुका हातमुख जोर्ने समस्या छ । यस्तो अवस्थामा सरकारले देशको अर्थतन्त्रलाई सही–सलामत अवतरण गराउला भन्ने आशा मरिसकेको छ । देशको अर्थतन्त्रको भविष्यभन्दा पनि कसरी भ्रष्टचारमा फसेका आफ्ना नेताहरुलाई उन्मूक्ति दिने भन्ने विषयमा दलहरुलाई चिन्ता छ । यो अत्यन्त दुखको कुरा हो ।

राजस्व संकलन र पुँजीगत खर्चमा कमीका कारण सरकारी वित्त नाजुक रहेको अवस्थामा उत्पादन–उद्योग, निर्माण, व्यापारलगायत क्षेत्रको वृद्धिदर ऋणात्मक भएपछि समग्र अर्थतन्त्रको तस्बिर निराशाजनक देखिएको छ । मुलुकको जीडीपीमा सबैभन्दा बढी योगदान पुऱ्याउँदै आएको कृषि क्षेत्रमै अपेक्षित सुधार भएको छैन । आयात तथा आन्तरिक औद्योगिक उत्पादनहरुमा आएको गिरावटले थोक तथा खुद्रा व्यापारको वृद्धिदर ऋणात्मक बनेको छ । यस्तो अवस्थामा सरकारको चिन्ता भने केवल सरकार बनाउने र गिराउनेमै सीमित छ, जुन आफैंमा डरलाग्दो छ । वर्तमान आर्थिक दुरवस्थासित जुध्न सरकारले अविलम्ब यथोचित रणनीति अपनाउन अपरिहार्य छ । अर्थतन्त्र सुधार्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर अघि बढ्न सके मात्र अर्थतन्त्रमा सुधार आउन सक्छ । अन्यथा मुलुकले ठूलो समस्या भ्mेल्नुपर्ने हुन सक्छ । यसर्थ यसतर्फ सरकारले विशेष ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

टुटि सकेको सिसा हो कति टुक्याउँछौ । सबै कुरा पार्दशी देखाउने सिसा माथि लात बजारे पछि सिसा हतियार बन्न बाध्य हुन्छ । बेलैमा ख्याल गर त्यो हतियारले तिमिलाई घाइते नबनाओस् ।


*(उषा कुमारी पन्थको फेसबुक स्टाटस https://www.facebook.com/usha.pantha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेवारी चाड : कुमार षष्ठी तथा सिथी नखः



**मदन देउराली**

आज जेष्ठ महिनाको शुक्लपक्ष षष्ठी तिथि । यस दिनलाई कुमार कार्तिकेयको जन्म भएको दिनको रुपमा मनाइन्छ । यो दिनलाई नै नेवारी समुदायहरुले विभिन्न देवी देवताको पूजाआजा गर्ने, देवाली मनाउने तथा सिथि नखः भनि विभिन्न परिकारहरु बनाई भोज खाई विशेष चाडकोरुपमा मनाउने गर्छन् । पौराणिक आख्यान अनुसार भगवान शिवका जेष्ठ सुपुत्रका रुपमा ६ वटा मुख भएको कुमार कार्तिकेयलाई लिइन्छ । स्वस्थानी ब्रतकथा अनुसार तारकासुर दैत्यले भगवानबाट वरदान प्राप्त गरी सकेपछि देवताहरुमाथि नै अत्याचार गर्दा इन्द्रादी देवताहरु इन्द्रलोक नै छोडी भाग्नु परेको उल्लेख गरिएको छ । धेरै समयसम्म सो दैत्यको अत्याचारबाट पिडित देवताहरु उचित समयको पर्खाइमा थिए । उनलाई जो कोहीले बध गर्न सक्दैन थियो किनकी उनले वरदान नै त्यस्तै पाएका थिए । उनलाई केवल शिव पुत्र कुमारले मात्र मार्न सक्दथे ।

माता पार्वतीसँगको विवाहपछि पनि भगवान शिवबाट लामो समयसम्म केही नभएको देखेर देवताहरुले भगवान शिवलाई पुन: स्मरण गराउन अग्निदेवलाई शिव पार्वती काम किडामा लिन भएका बेला पठाए । अग्निदेव पनि जोगीको भेषमा अन्तपुरमा पुगे । यस्तो समयमा आफनो अगाडि अग्निदेवलाई देखेर भगवान शिव रिसाई श्राप दिन लाग्दा माता पार्वतीले माग्न आएकालाई केही दिएर पठाउनु पर्छ भने पछि भगवान शिवजीले आफ्नो अमोघ विर्य नै दिएछन् । सो अमोघ विर्य अग्निदेवले मुखमा राखि निले छन् । फलस्वरुप अग्निदेव गर्भवती भइन् । यो अनर्थ भयो भनि उनले सो विर्य गंगा किनारमा उकेली दिएछन् । सो विर्य आगो फै बलिरहेको रहेछ । त्यहि बेला सप्त ऋषिका पत्नीहरु गंगा स्नान गरी फर्कदा आगो बलिरहेको देखेर ६ वटी ऋषि पत्नीहरु आगो ताप्न गए छन् एकजना अर्काले बालेको आगो ताप्नु हुँदैन भनि गइनन रहेछ । आगो ताप्न गएका ऋषि पत्नीहरु गर्भवती भए छन् ।

ऋषि पत्नीहरुले यो कुरा ऋषिहरुले चाल पाउला भनि उनीहरुले सो गर्भलाई गंगा किनारमा नै त्याग गरी दिएछन् । जसबाट ६ मुख भएको बालकको प्रादुर्भाव भएछ । गंगाको किनारमा उत्पति भएकाले गंगापुत्रको रुपमा ती बालकको जन्म भएको मानिन्छ । यी बालकलाई ६ जना ऋषि पत्नीहरु कृतिकाहरुले पालन पोषण गरेका तथा सबै आमाहरु आफुप्रति आकर्षित भएको देखेर उनले छ वटा टाउको बनाएका थिए भनिन्छ । यिनलाई कार्तिकेय, कुमार, स्कण्ड, षडानन, सुब्रह्मण्य, मरुगन, विशाखा, षण्मुख, गंगासुत, सेनापति षाण्मातुर, आनिसुत आदि नामले प्रतिष्ठित हुनुहुन्छ । हुनत धार्मिक ग्रन्थमा गंगा पुत्र भएकाले गंगेय, पार्बती पुत्र भएकाले स्कन्दकुमार, महादेव पुत्र भएकाले कार्तिकेय भनिएको पनि भनिन्छ । कुमार देवताहरुका सेनापति पनि हुन् । यही बालक कुमारबाट नै देवताहरुले सेनाको नेतृत्व गरी तारकासुर दैत्यको बध गरी सम्पूर्ण लोकलाई दैत्यहरुको अत्याचारबाट बचाएको भन्ने कुरा पुराणहरुमा पनि वर्णित गरिएको पाइन्छ । संस्कृतिविद्हरुको भनाई अनुसार सिथि भन्ने शब्द संस्कृत शब्द षष्ठीबाट नै अपभ्रंसित भई सिथि भएको भनिन्छ । विक्रम सम्वत अनुसार यो जेष्ठ महिनाको शुक्ल पक्षको छैठौ दिनमा पर्ने भएकाले यसलाई कुमार षष्ठी भनिएको हो । जुन दिनलाई कुमारको जन्मदिनको रुपमा मनाइन्छ । कुमारलाई वर्षाको देवता अर्थात् जल देवताको रुपमा पनि मानिएको छ । यस दिन दुष्ट आत्माहरु, रोगव्याधीबाट बच्न तथा आफ्नो कूलको रक्षा गर्न पनि कुमारलाई कूल देवताको पूजा गर्ने गर्दछन् । परापूर्वकालदेखि संस्कृतिको धनि नेवार समुदायले ऋतु परिवर्तनसँगै विभिन्न खाले जात्रा र पर्वहरु मनाउँदै आइरहेका छन् । हिन्दुहरुको धेरैजसो चाडपर्वहरु हिन्दु धर्मग्रन्थहरुमा आधारित कथाहरु अनुसार हुने गर्दछन् । नेवार समुदाय आफै पनि चाडपर्व जात्राको लागि प्रख्यात छ । यिनीहरुको हरेक पर्वहरु विशेष पौराणिक र साँस्कृतिक महत्वका हुन्छन् ।

काठमाडौं उपत्यकाका आदिवासी नेवा समुदायका विभिन्न संस्कृतिहरु मध्ये एक महत्वपूर्ण पर्व हो सिथिनख । यो पर्व काठमाडौं उपत्यका, पनौति तथा काठमांडौ उपत्यकाबाट विभिन्न कालखण्डमा विभिन्न कारणले देशका अन्य भागमा स्थापित भएका नेवारहरुले जेष्ठ शुक्ल पक्षका दिन मनाउने गर्दछन् । गर्मीको मौसममा जताततै मूल सुक्ने पानी कम आउने हुन्छ त्यसैले पहिले पहिलेका पुर्खाहरुले यस्ता मूल, पोखरी, धारा, पानीका श्रोतका मुहानहरु सफा गरी राख्दथे । ताकि बर्षा लागे पछि पानी सजिलैसँग जम्मा हुन सकोस् भनेर । पहिले आजको जमाना जस्तो घर–घरमा धारा थिएन घरमा पानी आउँदैन थियो । पानीको श्रोत नै यस्तै कुवा, पोखरी, ढुंगेधारा आदि हुन्थे । तर आजभोलि घर–घरमा जसो धारा भएकाले पनि यस्ता कुवा, ढुंगे धाराको वास्ता गरिदैन । वास्तवमा मनसुनलाई स्वागत गर्न नै कुमारको जन्मदिन मनाइएको भनिन्छ । त्यसैले यस दिन कुवा इनार आदि जलाशय र देवालयहरुको सरसफाई मर्मत आदि गरी उत्सवकारुपमा मनाउने गर्दछन् । विश्वास गरिन्छ कि यसरी पानीको श्रोत सरसफाई गरिएमा राम्रो वर्षा हुन्छ तथा राम्रो फसलको उत्पादन हुन्छ । यस दिनलाई विउ छर्ने खास समयको रुपमा पनि मानिन्छ । कसैले यसै दिनलाई कूल पूजाको रुपमा पनि मनाउने गर्दछन् । यस दिन काठमाडौं उपत्यकावासी मुहान सफा गर्ने, छ थरिका गेडागुडीको रोटी बनाई तथा सिठीद्यो कुमारको पूजा गरी मनाउने तथा भोज खाने चलन रहको छ । नेवार समूदायले आफ्नो प्रमुख चाड सिथिनख वर्षा ऋतु शुरु हुनु पूर्व विभिन्न परिकारहरु तयार गरी मनाउने चाड हो । हुनत आजभोलि विश्वव्यापी तापक्रम बृद्धि भएका कारण मौसममा धेरै परिवर्तन आइसकेको छ । बर्षा कुनै बर्ष अलि छिटो हुन्छ त कहिले ढीलो तैपनि सिथिनख आफ्नै तिथिमा हुने गर्दछ र त्यही अनुसार नेवार समुदायले आफ्नो चाड मनाइरहेका छन् । पुराण अनुसार कुमारको छ वटा टाउको भएकाले यो चाडमा पनि छ प्रकारका खाद्यवस्तु बनाई पूजा गरी भोज खाने चलन रहेको छ । षष्ठी अनुसार छ थरीका पूजा सामग्रीहरुको प्राधान्य रहन्छ । छ वटा पात भएको कमलको फूल, मास, मुगी, केराउ, चामलको पिठो, गहुँको रोटी कुमकुम आदिबाट छ प्रकारको रोटी, छ थरीको तरकारी, छ थरीको व्यञ्जन बनाई कुमारलाइ चढाई पूजा गरिन्छ । नेवारहरुको कुनै-कुनै पुराना घरहरुको मूलढोकाको अगाडि भूइमा सानो मण्डप बनाइएको हुन्छ जसलाई पिखालखु भनिन्छ । कुमारलाई सिथिद्यो पिखालखु भनिन्छ । अन्य देवी देवताको पूजा गर्न जानु अगाडि पिखालखुमा सानो भए पनि पूजा गर्नु पर्दछ । यो पूजा गर्नु भनेको कुमारको पूजा गरिएको हो ।

मौसम अनुसार विभिन्न पर्वहरुमा परिकार बनाएर खाने नेवारहरुको चलन नै हो । समय अनुसार चाडपर्व र त्यही अनुसारको परिकार खाने चलन छ । तथा पकाउने परिकारको पनि छुट्टै पौराणिक महत्वका हुन्छन् । गर्मी मौसमलाई ध्यान दिई नेवार समुदायले सिथिनखका दिन सजिलो पचाउन सकिने र स्वास्थ्यलाई फाइदा पुयाउने परिकारको रुपमा बारा बनाएर खाने चलन छ । यसैले पनि यस पर्वलाई बारा खाने र खुवाउने पर्वको रुपमा लिइन्छ । मासलाई पिसेर विभिन्न स्वाद अनुसार बनाइएको एक प्रकारको रोटी हो बारा । त्यस्तै गरी चामलको रोटी जसमा अण्डा तथा मसिनो पारी बनाइएको किमा मासु राखी बनाइएको तथा साधा चामलको रोटी चटामरीका साथै अन्य विभिन्न परिकारहरु बनाउँछन् । सिथिनखको दिन शुद्ध भई कुमार, कुलदेवता र नव दुर्गा भवानी र शक्तिपीठहरुको पूजा गर्दछन् । भगवान कुमारको छ वटा शीर भएकाले यो चाडमा छ प्रकारका खाद्य वस्तु बनाई पूजा गर्नु पर्छ भनिन्छ । त्यस्तै गरी षष्ठि अनुसार छ थरिका पूजा सामग्रीहरुको प्राधान्य छ । छ वटा पात भएको कमलको फूल, मास, मुगी, केराउ, चामलको पिठो, गहुँको रोटी आदि व्यञ्जनका साथ सिथि देवताको पूजा गर्दछन् । तानसेनमा बसोवास गर्ने नेवारहरुले पनि प्रत्यके वर्ष आफ्नो गच्छे अनुसार सिथिनख मनाउँदै आइरहेका छन् ।

यहाँका नेवारहरु खेतिपाती गर्दैनन् तर व्यापार व्यवसाय गर्छन् । यस दिन कतिपयले कुमारको मूर्तिसँगै भीमसेनको मूर्ति पनि राखि पूजा गर्दछन् । भीमसेनलाई व्यापार व्यवसाय रक्षा गरी दिने भगवानको रुपमा पूजा गर्ने चलन छ । त्यसैले कुमार र भीमसेन नेवार समुदायको प्रमुख देवताको रुपमा मानिन्छ । आफ्नो परिवारको संख्या हेरेर बोका, हाँस कुखुरा बलि दिने चलन पहिले पहिले भएता पनि आजभोलि सो चलन विस्तारै हट्दै गएको छ र यसको सट्टामा कुभिन्डो वा नरिवल चढाई पूजा गर्दछन् । पूजाको समाप्ति पछि आफ्ना विवाहित चेलीबेटीहरुलाई पनि बोलाई सकल परिवार बसी भोज खाने गर्दछन् । यसको अलावा कसैले यसदिनलाई आफ्नो कुल पूजा गर्ने दिनको रुपमा पनि लिई कुललाई विधि पूर्वक पूजाआजा गर्दछन् । कुलदेवताको रुपमा देवीदेवताको पूजा गरी समयबजि ,चिउरा, स्याबजि, चटामरी, बोडी, कालो भटमास, लसुन, अदुवा, माछा, मासु, बारा, अण्डा, रक्सी, फलफूल रोटी, लड्डु, पेडा विभिन्न व्यञ्जन समेतमा भोज आदि चढाउने र खाने गरिन्छ । पूजा गर्ने चलन आ-आफ्नो तरिका भएत पनि मूलत: यसको उद्देश्य संस्कृतिको संरक्षण नै गर्नु हो जुन परम्परा देखि चल्दै आएको छ ।

पहिला-पहिला टक्सारका बासिन्दाहरुको नुहाउने ढुंगेधारा होलन्दी, पहरा धारा, काजी धारा तथा तल्ला टोलका स्थानीयहरु तीनधारा, भैरव धारा, पोखरी धारा, पौंहलधारा आदिमा गई पानीको मुहान तथा यताउता सफा गर्ने गरेको अग्रजहरु बताउनु हुन्छ तर आजभोलि यो चलन हराएर गै सक्यो । यी ढुंगेधाराहरु जमानादेखि बगिरहेका छन् । सुख्खा मौसममा पानीको मात्र अलि कम भएता पनि बर्ष लागे पछि पुन: मजाले पानी आउने गर्दछ । हुनत: आजकाल तानसेनका सडक गल्ली जताततै ढलान भएका छन् पीच भएका छन् जसले गर्दा बर्षाको पानी रिचार्ज हुन पाउँदैनन भने अर्को तिर पानीको मूलको माथिल्लो भागमा घर निर्माण गर्दा पनि कतिपय मूलहरु दविएका छन् जसले गर्दा ति धाराहरुमा खासै पानी आउँदैनन् । खासमा सिथिनख काठमांडौ उपत्यकाको पारम्परिक आदि चाडपर्व हो । यसरी पुरानो इतिहासमा चर्चित र जनजीवनसँग सम्वद्व सिथि पर्वले बर्षौपिच्छै नेपालमा सर्वत्र व्याप्त फोहोरमैलाको साम्राज्यलाई हटाई सफा सुग्घरको साम्राज्य स्थापित गर्ने शिक्षा दिन्छ । त्यसैले सिथिनखलाई वातावरणिय चाडको रुपमा पनि लिइन्छ । अस्तु ।

**(लेखक देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष समेत हुन् ।)**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय छ । | **तुला** : मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । |
| **वृष** : धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने छ । | **वृश्चिक** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला । |
| **मिथुन** : निर्णय कार्यान्वयन हुन नसक्लान्। आत्मबलमा कमी आउनेछ। | **धनु** : आत्मबलमा कमी आउनेछ । मनमा चिन्ता र दुबिधा उत्पन्न हुनेछ । |
| **कर्कट** : विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । आटेको काम सफल हुनेछ । | **मकर** : प्रेमीको सहयोग पाइनेछ, तर स्वास्थ्य प्रति सचेत रहनु होला । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । प्रेम जीवन सुखद् रहने देखिन्छ । | **कुम्भ** : आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।परिवारजनको सहयोग मिल्नेछ । |
| **कन्या** : व्यवसायमा सफलता पाइनेछ । महिला वर्गबाट विषेश सहयोग मिल्नेछ । | **मीन** : प्राविधिक क्षेत्रमा गरेको लगानी फस्टाउनेछ । मनमा खुसी मिल्नेछ । |




बाल निबन्ध — कमल रिजाल

# समस्या र समाधान



संसारमा समस्या पनि छ र समाधान पनि छ । समस्या र समाधान भएकैले त्यसको साधन पनि छ । समाधान नहुने, गर्न नसकिने समस्या नै हुँदैन । समाधान भएपछि त्यसको साधन नहुने कुरा त झनै भएन । यसको अर्थ हो समस्याभित्रै समाधान पनि छ र समाधानका साधन पनि छ । समस्या जहाँ पनि छ, हुन्छ । तपाईंभित्र पनि छ, अरूहरू भित्र पनि छ । सारमा यति बुझौं तपाई हामी सबैभित्र छ, सबैसित छ । अनि समाधानको सूत्र र साधन पनि तपाई हामीभित्रै छ । समस्या एकातिर समाधानका साधन अर्कोतिर भन्ने नै हुँदैन । यो प्राकृतिक न्याय विरुद्धको कुरा हो । यसको अर्थ हो साधन खोज्न कतै जानुपर्दैन, मात्र त्यसलाई खोज्ने र चिन्ने प्रयास गर्नुपर्छ स्वत: देखिन्छ । मानिलिनुस् ऊ तपाईंको बाटो हेरेर बसेको छ, कुरेर बसेको छ तर ढोकामा तपाईकै अज्ञानताको भोटे ताल्चा झुन्डिएको छ । ताल्चा खोल्नुस् आफैँ हाजिर हुन पुग्छ । साधनको सोझो अर्थ हो औजार वा माध्यम । यस अर्थमा यहाँ साधन भन्नाले समस्या समाधान गर्ने औजार वा माध्यमलाई लिनुपर्ने हुन्छ । जुन साधनबाट, माध्यमबाट समस्या समाधान हुन्छ, गर्न सकिन्छ त्यही नै साधन हो । समाधानको मूल आधार पनि यही हो, मूल पनि यही हो । व्याकरणशास्त्रीहरू यसलाई करण भन्ने गर्छन् । यो भनेको जसद्वारा काम गरिन्छ, काम सम्पन्न हुन्छ त्यही करण हो । यसैलाई बोलीचालीको भाषामा हामी साधन भन्ने गर्छौं । मानिलिनुस् तपाई केही लेख्दै हुनुहुन्छ । यतिबेला कलम लेखाइको साधन हो । कुनै काम गर्दै हुनुहुन्छ हात साधन हो । कतै जाँदै हुनुहुन्छ गोडा साधन हो, कुनै भारी बोक्दै हुनुहुन्छ शरीर साधन हो । समस्यामा पनि यही नियम लागू हुन्छ । जसले समस्या समाधान गर्छ यति बेला त्यही समस्या समाधान गर्ने चीज नै साधन बन्न पुगेको हुन्छ । कतिलाई लाग्न सक्छ साधनको कुनै रूप पनि छ कि भन्ने तर त्यस्तो हुँदैन । खासमा साधनको आफ्नै रूप भन्नै नै हुँदैन । यसको यस्तै रूप हुन्छ भन्ने पनि छैन । जतिबेला जस्तो रूपमा प्रकट हुनुपर्छ त्यस्तै रूपमा प्रकट भइदिन्छ । जतिबेला खाना पकाउँदै हुनुहुन्छ त्यतिबेला आगोको रूपमा प्रकट भइदिन्छ । खाना पस्कने बेला डाडु, पन्यौ बनेर आउँछ होला । खाना खानेबेला हात चाहिन्छ होला । होइन तपाई आधुनिक हुनुहुन्छ, आधुनिकताको हावाले छोएको छ भने काँटाचम्चा चाहिएला । केही हेर्न खोज्दै हुनुहुन्छ भने आँखा चाहियो । सुन्नका लागि कान छाहियो, सुघ्नका लागि नाक चाहियो, छोइएको अनुभव गर्न छाला चाहियो, खाएको चीजको स्वाद लिन जिभ्रो चाहियो ।

*साधनको स्थायीरूप नभए पनि तह भने हुन्छ । तपाई यसलाई मोटामोटी रूपमा चार किसिमले हेर्न सक्नुहुन्छ । जसको लागि काम गर्नुपर्ने हो, ऊ आफैँ एउटा तह हो । यस अर्थमा तपाई जुन समस्या हल गर्न खोज्दै हुनुहुन्छ त्यो समस्या नै साधनको एउटा रूप हो । किनभने समस्या नै समाधानको साधन बनेर आएको हुन्छ । अर्को रूप भनेको समस्या नै हो, उसैबाट निसृत हुन्छ, उसैले नै बोकेर आएको हुन्छ । साधन आफैँ एउटा तह हो भने समाधान र उपलब्धि बाँकी दुई तह हुन् ।*

यस्तोमा तिनै अङ्गहरू नै साधन बन्न पुगिरहेका हुन्छन् । खेती किसानीमा कुट्टो, कोतालो, हलो, जुवा, अन्तत: तपाईको हात, गोडा, शरीर समग्रमा तपाई आफैँ पनि साधन हुन पुग्नुहुन्छ । अन्न उमार्नका लागि हावा, पानी, माटोले साधनको भूमिका निर्वाह गरेका हुन्छन् ।

साधनको स्थायीरूप नभए पनि तह भने हुन्छ । तपाई यसलाई मोटामोटी रूपमा चार किसिमले हेर्न सक्नुहुन्छ । जसको लागि काम गर्नुपर्ने हो, ऊ आफैँ एउटा तह हो । यस अर्थमा तपाई जुन समस्या हल गर्न खोज्दै हुनुहुन्छ त्यो समस्या नै साधनको एउटा रूप हो । किनभने समस्या नै समाधानको साधन बनेर आएको हुन्छ । अर्को रूप भनेको समस्या नै हो, उसैबाट निसृत हुन्छ, उसैले नै बोकेर आएको हुन्छ । साधन आफैँ एउटा तह हो भने समाधान र उपलब्धि बाँकी दुई तह हुन् । यी सबै एकअर्कोमा जोडिएका छन्, परस्पर निर्भर भएर रहेका हुन्छन् । मानिलिनुस् तपाईलाई भोक लाग्यो । यहाँ भोक तपाईको समस्या हो, भोक समाधान गर्ने चीज साधन हो । भोक समाधान कुन चीजले गर्छ ? अन्न, धन पैसा, रोजगारी यस्तै होइन त ? हो, यी सबै साधन हुन पुगे । भोक समाधान आफैँमा एउटा चरण हो भने खाएर अघाउँदा जुन तृप्ति मिल्छ त्यो अन्तिम चरण हो । आउनुस् यसलाई अन्य उदाहरणबाट थप बुझ्ने प्रयास गरौँ ।

मानौँ केही गर्न खोज्दैहुनुहुन्छ तर पैसा छैन । यहाँ पैसाको अभाव समस्या भयो । पैसा कमाउने तरिका नोकरी, खेतीकिसानी, व्यपार, सरसापटी, ऐँचोपैँचो साधन भए । पैसा कमाइयो, कुनै तरिकाले पैसा जुट्यो, जुटाइयो यो समाधान हो । पैसा जुटेपछि तपाईंले गर्न खोज्नुभएको काम सम्पन्न भयो, यही नै समाधान हो र काम सम्पन्न हुँदा जुन आनन्द मिल्छ त्यही नै उपलब्धि हो । यति तपाई विद्यार्थी हुनुहुन्छ । पाठ्यपुस्तक छैन । यो समस्या हो, पुस्तक साधन हो, पुस्तक प्राप्ति समाधान हो, भने पुस्तक प्राप्त भएपछि तपाईले पाउने पढ्ने अवसर उपलब्धि हो । यी केही उदाहरण हुन् । खोज्दै जानुभयो, हेर्दै जानुभयो, केलाउँदै जानुभयो भने हरेक क्षेत्रमा यही नियमले काम गरेको पाउनु हुन्छ । सारमा यति बुझौं समस्या, त्यसको समाधान र साधन हामीभित्रै छ । मात्र खोज्न जान्नुपर्छ स्वत: देखापर्छ ।

**-रातोपाटी डटकम**

बाल निबन्ध — बबिता पौडेल दवाडी

# तपाई खुसी त हुनुहुन्छ आमा ?

म सानी थिएँ, काली पातली र लुखुरी । 'किन आमा जस्ती नभएकी ?' भन्थे आफन्त, छिमेकी र गाउँलेहरू । मलाई बाबा जस्ती भएकोमा गर्व लाग्थ्यो । त्यो बेला मेरो हिरो बाबा नै हुनुहुन्थ्यो र आज पनि उहाँ नै हो। त्यो बेला राम्रो-नराम्रो र सुन्दरताको परिभाषा थाहा थिएन । मेरी आमालाई म जहिले हतारमा देख्थें । कहिले घाँस, कहिले दाउरा, कहिले मिटिङ, कहिले के । मलाई पटक्कै मन पर्दैनथ्यो उहाँको यस्तो व्यस्तता । तर म चुप बस्थें । 'किन हामी सधैं उठ्दा सँगै नउठेको आमा?' भनेर प्रश्न गर्थें । आमा हाँस्नुहुन्थ्यो मात्रै । पसिनाका धारा पुस/माघको जाडोमा पुछ्दै उहाँ चुलाछेउ पस्नुहुन्थ्यो। हतारमा खाना बनाएर फेरि लुगा फेरेर दौडिहाल्नु हुन्थ्यो । म दुखी हुन्थें । म कान्छो बच्चा थिएँ, त्यसैले अलि बढी माया खाज्थें सायद बाबा-आमाको । प्राय: स्कुल जाँदा र आउँदा आमालाई कमै भेटिन्थ्यो, कुनै दिन भेटिहाले त्यो दिन वर्षकै उत्कृष्ट दिन हुन्थ्यो । म फुरूंग हुन्थें आमाको हातले दिएको खाजा खान पाउँदा । आफू केटाकेटी हुँदा त्यस्ता अनमोल दिनहरूको आनन्द सायदै कम लिन पाएँ होला मैले । एकदिन आमा दुई/चार दिनलाई बाहिर जान तयार हुनुभयो । मैले दुखी हुँदै 'किन जाने?' भनेर सोधें । उहाँको मुहारमा मुस्कुराहट छँदै थियो, सँगै भन्नुभयो- 'मलाई तिमीहरू छोराछोरीको मात्रै जिम्मेवारी छैन । गाउँ, समाज र जनता, दुखी, गरिबहरूको लागि पनि धेरै गर्नुछ। तिमी दुखी नहोऊ, म छिटै आउँछु। तिमीलाई काठमाडौंबाट लुगा पनि ल्याइदिउँला नि राम्रो ।' आमाले यति नभन्दै मैले सोधें- 'ती दुखी, गरिब गाउँले हजुरका छोराछोरी हुन् र आमा ?' आमाले सारीको फेर कुनो मिलाउँदै भन्नुभयो, 'हो, त्यस्तै हुन् । उनीहरूले धेरै आश राखेर मलाई जिताएका, म गाविसको उपाध्यक्ष हो ।

अस्तिनै म रातो अबिर टीका, धेरै माला लगाएर आएको दिन थियो नि, त्यही दिन म विजय भएको । उनीहरूकै साथ सहयोगमा मैले जितेको, अब मेरो सबैलाई केही गर्नुपर्छ भन्नेमा नै ध्यान जानुपर्छ ।' उहाँले सारी मिलाउँदै दिनुभएको त्यो जवाफ आज पनि मेरो मानसपटलमा ताजै छ । विजय भनेको के हो? गाविस भनेको के हो ? उपाध्यक्ष भनेको के हो ? त्यसबेला मेरो बाल मस्तिष्कमा सबै थाँती राखेरै मैले प्रश्नमाथि प्रश्न तेर्स्याएको थिएँ- 'कसरी भ्याउनु हुन्छ ? भैंसी छ, बाख्रा छन्, खेतीपाती छ, हामी छौं ।' मैले यस्तो प्रश्न राखें अनभिज्ञतामा, उहाँलाई हतार थियो । 'मेरो गाडी छुट्छ, ज्ञानी भएर बस । म सकेसम्म चाँडै फर्कन्छु' भन्दै झोला बोकेर निस्कनुभयो । उहाँको मुहार पनि खुसी त थिएन साएद । म मनैदेखि दुखी भए पनि काठमाडौंबाट आउने लुगा सम्झेर खुसी नै देखिए । आमा जानुभयो र उहाँले भनेअनुसारको हामी सबैलाई राम्रो लुगा लिएर नै फर्कनु भयो । उहाँ आफ्नो वचनको सदा पक्का हुनुहुन्छ । आजसम्म उहाँले गर्छु भनेको काम नगरेको थाहै छैन मलाई । आफूले नसक्ने नभ्याउने जस्तो काम भए उहाँ पहिले नै म सक्दिनँ वा गर्दिनँ होला नै भन्दिनु हुन्थ्यो । उहाँले कसैलाई भरोसा दिलाएर म गर्छु वा गर्दिन्छु नि भनेर पछि नगरेको वा कसैले पहिले किन गर्छु भन्नुभयो त भनेर प्रश्न राखेको वा उहाँलाई कसैले औँला उठाएको कहिल्यै थाहा भएन । आमाको जोड जहिले पनि समाजले उहाँबाट राखेका सानातिना आशाहरू पूरा गर्दिनुपर्छ भन्नेमै हुन्थ्यो भने हामी छोराछोरीले पनि कुनै कुरामा कमी महसुस नगरी निराश नभइकनै पढून् भन्नेमै रह्यो । बाबा जागिरे, उहाँलाई पनि हामीलाई दिने समय थिएन । उहाँ जहिले बाहिर बस्नुहुन्थ्यो । कहिलेकाहीं बाबा घर आउँदा पाहुना जस्तो लाग्ने । छुट्टै रमाइलो । उहाँलाई दुई/चार दिन मात्रै घर बस्दा संगालिएर बसेका थुप्रै हाम्रा प्रश्नहरूको जवाफ दिइरहन बाध्य पार्थ्यौं हामी । जति आमासँग नजिक र निडर थियौं, त्यति बाबासँग थिएनौं । थोरै मात्र घर बस्ने भएर हो कि केही दकस मान्थ्यौं । बाबासँग नजिक अलि बढी म नै थिएँ बरु । म सानी छोरी भएर होला उहाँ पनि मसँग जिस्किएर खेल्न खोज्नुहुन्थ्यो । आमा भन्नुहुन्थ्यो, मेरो बसाइँ टाढा हुनाले छोराछोरी टाढा जस्तै भए मसँग भनेर बाबा पीर मान्नुहुन्थ्यो रे । आमा राजनीति गर्नुहुँदो रहेछ। उहाँ समाजसेवी हो भनेर आफू अलि ठूलो र बुझ्ने भएपछि थाहा पाएँ । उहाँलाई घर-व्यवहार चलाउन सकस हुँदा पनि उहाँको अनुहार दुखी र मलिन कहिल्यै देखिन्थेन । कुनै कारणले रुनु हुन्थ्यो । सायद कहिलेकाहीं आँखाबाट आँसु बगेको नि कहिल्यै देखिनँ मैले, बरु म अट्कल लगाउँथें । उहाँ रोएर सुन्निएका आँखा हेरेर म केही भन्दिन थिएँ । थाहा नपाए झैं गर्थे । जब उहाँमा त्यो आँट र हिम्मत छ भने हामीले पनि उहाँलाई साथ दिनुपर्छ जस्तो लाग्थ्यो । थाहा नपाएजस्तै गर्नु पनि त्यो बेलाको उमेरमा हाम्रो बुद्धिमता नै थियो सायद । उहाँ सधैं संघर्षरत हुनुहुन्थ्यो । सधैं दौडधूप, घरको काम, छोराछोरीको जिम्मेवारी, पढाइ र अनेकन खर्चहरूमा जेलिरहनु हुन्थ्यो । आमाको सुखको दिन कहिले आउला, कहिले ल्याउन सकिएला भनेर हामी पनि पढ्न तल्लीन रहन्थ्यौं । उहाँले दु:ख गरेर एक्लैले घर व्यवहार धानी हामीलाई पढाउनु भयो । उहाँले चाहे जस्तो हामी चारै जना छोराछोरी सबैले अनेकन विषयमा डिग्री हासिल गर्‍यौं । आमामा त्यसको गर्व अलग चमकका साथ अनुहारमा झल्कन्थ्यो । कसैले हामी छोराछोरीहरूको अध्ययनको विषयमा सोधिहाले, उहाँ गर्वका साथ बयान चलाउनुहुन्थ्यो । हामी आ-आफ्नो जिन्दगीको गोरेटोमा अघि बढ्यौं। आमालाई जति दु:ख भए पनि हामी सबै सुखले नै हुर्कियौं, दु:ख केलाई भन्छन् थाहै भएन । जब आमाको सुखका दिन आउला भनेर औँला भाँच्ने समय आयो अनि फेरि छोराहरू धुमधामसँग बिहे गरेर आमाको थाप्लोमा ऋणको गह्रौं भारी बोकाएर बुहारी लिएर हिँडें। आफ्नो भविष्य बनाउन भन्दै घर बाहिर बस्न थाले । छोरीहरू ज्वाइँका घर सम्हाल्नतिर तल्लिन, आमाको घर दु:ख र व्यवहारको पाहुना जस्तो मात्रै भइयो । आमाको काँधमा अब समाज, जनता र छोराछोरीको भविष्यको लागि खर्चिएको ऋण, अनुभव र पसिनाले खिएको बुढो हाड मात्रै बाँकी रह्यो । तैपनि कहिलेकाहीं आमाको घर जाँदा कहिल्यै यति ऋण छ कसरी तिरौं भन्ने चिन्ताको एउटा धर्कोसम्म नदेखाई हामीलाई खुवाइपियाई गरेरै पठाउनु भयो । थाकेको, हारेको, सकिनँ अब भनेर हारगुहार गरेको कहिल्यै देखिएन । त्यसैले हो कि आजसम्म उहाँले सारा जिम्मेवारी म एक्लैले पूरा गरें, अब म विश्राम लिन्छु भनेर थकाइ मारेको वा लखतरान भएर सुस्केरा हालेको मलाई थाहै छैन । आफूले चाहेजस्तो संस्कारी, परिवर्तित छोराछोरी र समाज बनाउन जीवनभरको आमाका संघर्षले आज पनि बाटो नछोडेको देख्दा म सधैं अचम्मित हुन्छु । छक्क पर्छु । अनि सोच्छु यहाँको संघर्ष, दौडधूप, सदाको हतारो, एक छाक खाना पनि आरामले गाँसै नटिपी दौडिनुको स्वरुप आज कस्तो छ होला ? रुपरंग कसरी बदलेको होला ? सधैं तपाई धुलो र पसिना पुछ्दै दौडने ती बाटाघाटा, गल्ली-गल्छेडा, चोक-चौतारीहरूले यतिका वर्षसम्म तपाईलाई के भनेर चिन्छन् होला ? कि चिन्दैनन् होला त आमा ? कि ती सडकका धुलोका कण-कण, यता र उता बजारिरहने ठूलासाना ढुंगामाटो, गिटीबालुवा, सिमेन्ट-पानीले पनि नतमस्त भएर सलाम गर्छन् होला, तपाईको सम्मानमा शिर निहुर्याएर । पक्कै प्रणाम त गर्छन् होला तर तपाईं उही सधैंझैं हतारोमा दौडिरहँदा नदेखेरै बाटो त काट्नुहुन्न नि ? आज पनि म आमाकहाँ जाँदा सानी छँदा आमालाई जुन हतारोमा देख्थें बुढी भइसक्नु भयो ।

चाउरी परेको अनुहार छ । तैपनि हँसिलो, उज्यालो र राम्रैसँग पूरै फुलेको कपाल फुङ्ग उडाएर पनि उस्तै उर्जा, उही जोश र त्यही जाँगरमा दौडिरहेको देख्छु । सोच्छु, हामी कति भाग्यमानी यस्ती देवी जस्ती आमाका सन्तान ! तर आमाको दु:ख, दौडधूप र जिम्मेवारीले किचिएको बुढो हाड नझुक्नलाई बल गरिरहेको काँध हेर्दा दु:ख लाग्छ। भित्रैदेखि साह्रै माया लागेर आउँछ । भयो आमा अब तपाई धेरै थाक्नुभयो, अब पालो हाम्रो भनौं र आमालाई अंगालोमा बेस्सरी बेरेर डाँको छोडेर रोउँ जस्तो हुन्छ। फेरि रोकिन्छु उहाँका नथाकेका आँखा अनि नहारेका हड्डीहरू देख्दा । अनि सोच्छु, मैले कमजोर बनेर आमा अगाडि रोइदिँदा उहाँको उर्जाशील शरीर एक्कासी लखतरान पो हुने हो कि ? उहाँको त्यो यो उमेरको जोश जागरमा निराशाको खिया पो देखिने हो कि ? अनि उहाँको आजसम्म नदेखेको रिस पो देख्नुपर्ने हो कि ? मेरा छोराछोरीमा मैले दिएको हिम्मत, आँट र कहिल्यै नथाक्ने जाँगरको संस्कार कसरी यति कमजोर भयो ? कसले रुन सिकायो भनेर उल्टै खप्की खानु पर्ने हो कि भन्ने डरले म आज पनि उहाँको अगाडि नतमस्तक भएर आत्मादेखि गर्वले फुली श्रद्धाले झुकेको मन शिर ठाडो पारेर बसिरहन्छु । जिन्दगीभर आमाले हाम्रो र समाजको लागि गरेको योगदानको प्रतिफल के शून्य मात्रै हो त ? तर पनि खै थाकेको हारेको अनुहार कहाँ लुकाएर हिँड्नु हुन्छ ? आमा कताबाट ल्याउनु हुन्छ मुस्कुराउने साहस? कसरी आँउछ त्यो दौडिरहने तागत ? पहिले सानी हुँदा आमासँगै सधैं हुन नपाएकोमा दु:खी म आज आमाको लागि चाहे जति गर्न नपाएकोमा पनि उत्तिकै दु:खी नै छु । आमा अहिले पनि पहिले जस्तै सुन्दर, शालिन र मौनताको प्रतिमूर्ति, हँसिली खुसिली राम्री देवी नै देखिनु हुन्छ । सलाम छ मेरी आमालाई, कोटीकोटी नमन छ । प्यारी आमा, हजुरको ऋण यो जुनीमा त के अरु सात जुनी थपिए पनि हामी छोराछोरीले तिर्न सकिँदैन । तपाईको महानतालाई सलाम आमा । तपाईले नि:स्वार्थ प्रेम, निश्चल र निष्कपट लगन हामी छोराछोरी, समाज र जनताका लागि आज पनि उही त्याग र बलिदानले तपाईप्रति अरु केही गर्न नसक्ेता पनि गर्व गर्न सिकाएको छ आमा । तपाईको लागि केही गर्न नसके पनि तपाईजस्तै बन्ने प्रयासमा छु तर सक्छु सक्दिनँ ! तपाईमा जति आँट, हिम्मत, साहस र धैर्यता हामीमा कहाँबाट ल्याउनु ? अब तपाईले विश्राम लिन पाएको चाँडै देख्न पाउँ र सब छोडी घरमै छु छोरी भनेर मुस्कुराएको दिन देख्न पाउँ । सवालहरू धेरै छन् आमा । तर जवाफ तपाईको मुस्कुराहट बाहेक केही पाइने छैन थाहा छ तर अबको भेटमा प्रश्न पक्कै गर्छु है आमा । तपाईले चाहे जस्ता तपाईको छोराछोरी अनि समाज र जनता भए कि भएनन् ? तपाईले गरेको संघर्षको स्वरुप कस्तो भयो ? र, तपाई हामीसंग खुसी हुनु भएको छ कि छैन आमा ? हो, हामी छोराछोरीहरू आमाले चाहे जस्ता पक्कै भइयो होला तर आमाका लागि कहींकतै पनि हुन सकिएन सायद। जवाफ म आफैंलाई थाहा छ तर म तपाईंकै उत्तरको प्रतीक्षामा छु आमा । **-सेतोपाटी डटकम**

# दिदीको बहिनीलाई बाख्रा उपहार

**पाल्पा,** जेठ १०/जिल्लाको रामपुर नगरपालिका -२ तिलिङडाँडामा दिदीको बहिनीलाई बाख्रा उपहार प्रदान गरिएको छ । रामपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा सञ्चालित रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजनामार्फत दिदी समूहले बहिनी समूहलाई बाख्रा उपहार प्रदान गरेको हो ।



परियोजनामा मुल समूहले उपहार समूहलाई बाख्रा उपहार दिने व्यवस्था रहेको छ । सोही व्यवस्था अनुसार बाख्रा उपहार प्रदान गरिएको नगरपालिकाको कृषि शाखाले जनाएको छ । उक्त उपहार बाख्रा नगर प्रमुख रमणबहादुर थापाले बहिनी समूहलाई हस्तान्तरण गरेका हुन् । बाख्रा हस्तान्तरण गर्दै नगर प्रमुख थापाले उपहार स्वरुप प्राप्त बाख्राको सही सदुपयोग गर्दै व्यवसायिक रुपमा बाख्रापालनमा जोड दिन आग्रह गरे । उनले आर्थिक समृद्धि र आत्मनिर्भर बन्नका लागि व्यवसायिक रुपमा बाख्रा पालन गरे नगरपालिकाले सहयोग गर्ने बताए । नगर प्रमुख थापाले बैंकबाट ऋण लिएर व्यवसायिक फर्म सञ्चालन गरे त्यसको ब्याज नगरपालिकाले तिरिदिने बताए । उनले व्यक्तिगत वा सामुहिक रुपमा फर्म दर्ता गरेर व्यवसायिक बाख्रा पालन गरी नगरलाई मासुमा आत्मनिर्भर बनाउन आवश्यक रहेको बताए । नगर भित्रका कृषि तथा पशु उत्पादनको बजारिकरणका लागि नगरपालिकाले सहजिकरण गर्ने समेत उनले प्रतिवद्धता व्यक्त गरे । उपहारको रुपमा पाएको बाख्राबाट बढी भन्दा बढी उत्पादन गरेर उदहारणीय व्यवसायी बन्नुपर्ने बताए । २ का वडा अध्यक्ष कृष्णबहादुर दर्जीले राम्रो हेरचाह र लगनशिल भएर काम गरे वडा बाख्रा पालनका लागि उपयुक्त स्थान रहेको बताए साथै महिला दिदीबहिनीहरुमार्फत प्राप्त माउ पाठी बाख्राबाट राम्रो आम्दानी गरी बालबालिकाको शिक्षा र स्वास्थ्यमा लगानी गर्न उनले आग्रह गरे । कार्यक्रममा हेफर प्रोजेक्ट नेपालका कार्यक्रम अधिकृत शोभाखर न्यौपानेले महिला दिदीबहिनिहरुलाई बाख्रा पालन गरेर उद्यमी बन्न आग्रह गरे । आर्थिक समृद्धिका लागि महिला दिदीहरुले बहिनी समूहलाई उपहार प्रदान गरेको भन्दै उनले यसको सही सदुपयोग गर्नु पर्नेमा जोड दिए । उपहार प्रदान गरेका र उपहार प्राप्त गरेका सबै दिदी बहिनीहरुले बाख्रापालनलाई निरन्तरता दिन उनले सुझाए । कार्यक्रममा रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाका संयोजक सञ्जु परियारले कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा चौतलादेवि स्वाबलम्बन महिला समूहले कृष्णदेवि स्वाबलम्बन महिला समूहका दिदी बहिनीहरुलाई १८ वटा माउ पाठी बाख्रा हस्तान्तरण गरेको हो । चौतलादेवि स्वाबलम्बन महिला समूहका उपाध्यक्ष कल्पना थापाको अध्यक्षता, सदस्य सम्झना थापाको स्वागत, सचिव टकमाया थापाको सञ्चालनमा बाख्रा वितरण कार्यक्रम भएको थियो ।

# शिलबन्दी दरभाउ पत्र आह्वान

**प्रथम पटक प्रकाशित सूचना: २०८०/०२/११**
**शिलबन्दी दरभाउपत्रको सूचना नं. SADEC/SQ/VITA/BP–01/2079–080**
**(कालिगण्डकी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना)**

कालिगण्डकी गाउँपालिका गुल्मी र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल गुल्मीको सहजिकरणमा कालिगण्डकी गाउँपालिकामा सञ्चालित कालिगण्डकी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनामा आवश्यक मौरी गोला सहितको घारहरु वितरणको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद गर्नुपर्ने भएकोले योग्य फर्म, कम्पनी, सहकारी संस्थालाई तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही यो शिलबन्दी दरभाउपत्र (कोटेसन) आह्वानको सूचना प्रकाशन गरिएको छ ।

| क स | बस्तु तथा सामग्रीको नाम | परिमाण | स्पेशिफिकेसन | जमानत रु | शिबन्दी दरभाउ पत्र फाराम दस्तुर | शिलबन्दी दरभाउपत्र मान्य हुने अवधी | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वस्थ मौरी | १३० | १) जातः एपिस सेराना<br>२) मौरीको घारः न्युटन बी.<br>३.फ्रेमको संख्या :छाउरा कक्ष १० र मह कक्ष १० फ्रेम हुनु पर्नेछ।<br>४. घार टुनिको काठ वाट वनेको (ढकनको हकमा अनिवार्य नभएको)<br>५.प्रतिघार मौरीको संख्या : ५ फ्रेम र १ वटा मेटेड (अण्डा पारी रहेको) रानी हुनुपर्नेछ।<br>६. घार स्ट्याण्ड सहितको हुनु पर्नेछ।<br>७. आधारचाका :प्रतिघार ५०० ग्राम।<br>८.घारको वनावट तथा फ्रेमहरुको साईज न्युटन बी.घारको मापदण्ड अनुरुप हुनुपर्नेछ। | ३३००० | १००० | शिलबन्दी दरभाउपत्र मान्य हुने अवधि ४५ दिन हुने छ । | २०८०/०२/२५ गते कार्यालय समय भित्र | २०८०/०२/२६ गते दिनको १२ बजे सम्म | २०८०/०२/२६ गते दिनको २ बजे |

**१.** शिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्र दाताहरूले थप जानकारीको लागि सामाजिक जागरण तथा विकास अभियान(साडेक) नेपाल गुल्मीको परियोजना कार्यालय कालिगण्डकी गाउँपालिका ४ पुर्तिघाट गुल्मी र मुख्य कार्यालय तम्घासमा वा **sadecnepal@gmail.com** ०७९५२०४७१ र ९८५७०६४८९४ मा सम्पर्क राख्न सकिनेछ ।

**२.**योग्य दरभाउपत्र दाताले मिति २०८०/०२।११ गते सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् २०८०/०२/२५ गतेका दिन कार्यालय समय भित्र १,००० रुपैयाँ (फिर्ता नहुने) राष्ट्रिय वाणिज्य बैंक तम्घास गुल्मीमा यस संस्थाको नाममा रहेको खाता नं ३०१०१०००१०१३९०१० वा नगदै दस्तुर तिरी सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल गुल्मीको कार्यालय तम्घास गुल्मीमा पेश गरी शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।

**३.**शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गरेको मितिबाट कम्तिमा १६ औं दिन अर्थात २०८०/०२/२६ गतेको दिनको १२:०० बजे भित्र सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल गुल्मीको मुख्य कार्यालय तम्घासमा पेश गर्नुपर्नेछ । उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

**४.**प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु २०८०/०२/२६ गते दिनको २ बजे सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल गुल्मीको कार्यालय तम्घास गुल्मीमा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ । दरभाउपत्रको साथ रु ३३,००० (अक्षरुपी तेत्तीस हजार रुपैयाँ मात्र) दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत बापत नगदै रकम चाहेमा राष्ट्रिय वाणिज्य बैंक तम्घास गुल्मीमा यस संस्थाको नाममा रहेको खाता नं ३०१०१०००१०१३९०१० मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

**५.** दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

**६.** शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल गुल्मीमा सुरक्षित रहनेछ ।

**७.** शिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य शर्तहरु शिलबन्दी फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**विष्णु प्रसाद भण्डारी**
**कार्यकारी निर्देशक**

**सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल, गुल्मी**

## Kaligandaki Rural Municipality
## Office of Rural Municipal Executive
## Birgha,Syangja

# Invitation for Catalogue Shopping of Vehicle

**Date of publication: 25thMay 2023, ( 11th Jestha, 2080)**

Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja intends to procure backhoe loader as listed on the table below, under the Catalogue Shopping procedure as described on the Public Procurement Act, 2063. All eligible manufacturers or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 10(ten) days of first publication date during office hour at Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja. The manufacturers or authorized dealer must submit Copy of Firm registration certificate, copy of business registration certificate, Copy of VAT and PAN Registration Certificate, Copy of Tax Clearance certificate for the FY 2078/79 and the letter of authorization along with the application. The detailed specification can be collected from Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality or website **(kaligandakiruralmunicipality@gmail.com)**

| Vehicle Type | General Specification | Quantity | Remark |
|---|---|---|---|
| Backhoe Loader | • Maximum power not less than 92HP with minimum 405 NM Torque<br>• Torque converter with four speed synchromesh type of transmission<br>• Ground Clearance minimum 300mm<br>• Suitable Hydraulic pumps flow not less than 117 LPM and system pressure not less than 210 bar | 1 unit | Specification not included in this notice shall be as per approved Technical Specification published in website. |

***chief administrative officer***

## कालीगण्डकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बिर्घा, स्याङ्जा

### मिनिटिलर (हाते ट्र्याक्टर) आपूर्तिकर्ता सूचिकृत/छनौटका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८०/०२/११**

कालीगण्डकी गाउँपालिका, स्याङ्जाको आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम ५० प्रतिशत अनुदानमा मिनिटिलर (हाते ट्र्याक्टर) अनुदानमा वितरण गर्ने कार्यका लागि यस कार्यालयमा सूचिकृत भै छनौट हुने कार्यका लागि सम्बन्धित आपूर्तिकर्ताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रु ३०००/-दस्तुर तिरी तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी गाउँकार्यपालिकाको कार्यालयमा सूचिकृत/छनौटका लागि निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

**१.** प्रस्ताव पेश गरेको सम्बन्धी कम्पनीको पत्र/निवेदन
**२.** संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
**३.** कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र गत आ.व. सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी वा कर चुक्ता गर्ने म्याद थप भएको निस्सा
**४.** बिक्रीका लागि आधिकारीक एजेन्ट वा डिलर भएको खुल्ने कागजातको प्रतिलिपी
**५.** औजार/उपकरणको स्पेशिफिकेशन खुल्ने क्याटलग
**६.** विगत ३ आ.व. को लेखापरिक्षण प्रतिवेदन (एजेन्ट वा डिलरसिप लिएको सो भन्दा कम अवधि भएमा फर्म स्थापना भएको आ.व. देखिको)
**७.** प्राविधिक जनशक्तिको विवरण (संख्या तथा जनशक्तिको सेवा विवरण)
**८.** निवेदन पेश गर्ने मितिभन्दा बढीमा १५ दिन पहिलेसम्मको मौज्दात विवरण (उच्चतम मौज्दात)
**९.** आपूर्ति हुने औजार/उपकरणको विवरण (कार्यालयको वेभसाइटबाट डाउनलोड गर्न सकिने)

आपूर्तिकर्ताको सूचिकरण/छनौटसम्बन्धि सम्पूर्ण कारवाही मिनिटिलर (हाते ट्र्याक्टर) मा ५० प्रतिशत अनुदान वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि (पहिलो संसोधन), २०७७ बमोजिम हुनेछ ।

***प्रमुख प्रशासकीय अधिकृत***

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्कः ०७५-५२०६०१**

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

# शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०२/११**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ, पाल्पाको मिति : २०८०/०१/०४, चलानी नं. १५७५ नियुक्तिको अनुमति पत्रका आधारमा यस श्री युवा वर्ष माध्यमिक विद्यालय तिनाउ–१, कचल पाल्पाको मिति २०८०/०१/०४ गरिएको विज्ञापन अनुसार शिक्षक छनौट समितिले मिति २०८०/०२/०७ गते मा.वि. तहको कक्षा (११–१२) कार्यालय सञ्चालन लेखा विषय (करार) मा नियुक्ति गर्नका लागि लिइएको लिखित परीक्षामा कुनै पनि उम्मेदवार सफल नभएकाले यस विद्यालयको मिति २०८०/०२/०९ गतेको बसेको वि.व्य.स.को बैठकको निर्णय अनुसार पुनः उक्त शिक्षक पदमा नियुक्ति गर्नका लागि तपशिल योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं.** ०३/२०७९/०८०, **पद** : शिक्षक (कक्षा ११/१२ अनुदान)
**तह** : मा.वि. द्वितीय, **विषय** : कार्यालय सञ्चालन तथा लेखा, **पद संख्या** : १ जना
**शैक्षिक योग्यता** : एम.वि.ए./वि.एड.वा सो सरह, **श्रेणी** : दोस्रो
**दरखास्त दस्तुर** : रु. १५००/–, **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति** : २०८०/०२/१६ गते कार्यालय समय भित्र,
**सम्पर्क मिति** : २०८०/०२/१६ गते
**परीक्षा हुने मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।
**परीक्षाको किसिम** : लिखित, मौखिक तथा प्रयोगात्मक
**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, निरोगिताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति । हस्तलिखित निवेदन ।
नोटः शिक्षक सेवा आयोगको करारबाट दरखास्त पर्न आएमा योग्यता क्रमको आधारमा नियुक्ती गरिने छ । यो विज्ञापन स्वतः खारेज हुनेछ ।
**सम्पर्क नं.** : ९८६७३९६३२२, ९८६७३९६२५३, ९८४७११६५६०

## श्री युवा वर्ष माध्यमिक विद्यालय
तिनाउ–१, कचल, पाल्पा

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई